सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ अंक : १४ २०७९ साल, असोज २३ गते आईतबार, Sunday 9 Oct, 2022 मूल्य रू. ५/- पृष्ठ : ४

## बारामा उम्मेदवार मनोनयनको सबै तयारी पूरा : प्रमुख निर्वाचन अधिकृत उपाध्याय



कलैया, २२ असोज ।

आउँदो मंसिर ४ गते हुने चुनावको लागि प्रत्यक्षतर्फको बारामा उम्मेदवारी मनोनयनको तयारी पूरा भएको जनाएको छ । प्रमुख निर्वाचन अधिकृत पुर्णेश्वर प्रसाद उपाध्यायले शनिवार कलैयामा स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सर्वदलिय बैठक राखेर आइतवार बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म हुने उम्मेदवारी दर्ताको लागि आफुहरु तयारी अवस्थामा रहेको जानकारी दिनुभएको छ । उहाँले जिल्लाको चार वटा निर्वाचन क्षेत्रका लागि चार वट छुटाछुटै निर्वाचन अधिकृतको कार्यालयमा सबै सामग्रीसहित निर्वाचन अधिकृत र कर्मचारी समेत तयारी अवस्थामा रहेको बताउनुभयो ।

आउँदो मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा चुनावको लागि आइतवार प्रत्यक्षतर्फ उम्मेदवारको मनोनयन दर्ताको कार्यक्रम रहेको छ । उत्त बैठकमा पत्रकारहरुको प्रश्नको जवाफ दिदै बारा निर्वाचन कार्यालयका प्रमुख सरोज कुमार चौधरीले प्रत्येक उमेदवारले बढीमा २५ जनाको संस्यामा मात्र उमेदवारी दर्ता गराउन आउने १० ओटा भन्दा बढी झण्डा लिएर आउन नहुने तथा डिजे,बाजा गाजा जस्ता ध्वनी प्रदुशन तथा १८ वर्ष भन्दा कम उमेर समूहका बालबालिका लाई सहभागि गराउन नहुने बताउनु भयो त्यस्तो हुन गएका त्यस उमेदवारको मानोनय दर्ता नहुने र अचारसहिंता उलन्घन गरेको मुद्धा समेत चलाउने जानकारी गराउनु भएको छ । यस्तै सञ्चारकर्मीले सहज रुपमा निर्वाचन सम्बन्धि समाचार सम्प्रशनका लागि सबै निर्वाचन अधिकृतहरुको मोबाईल नम्बर सार्वजिनक गर्नु भएको छ ।

(बाँकी तेश्रो पेजमा)

## सिम्रौनगढमा नकली नोट सहित भारतिय यूवा पक्राउ

सिम्रौनगढ, २२ असोज ।

बाराको सिम्रौनगढमा नकली नोटको कारोबार गर्ने एक यूवक पक्राउ परेको छ। पक्राउ पर्नेमा भारत मोतिहारी जिल्ला पिपराकोठी थाना बस्ने अ.बर्ष २५ को रंजित कुमार मुखिया रहेको प्रहरीले जनाएको छ।

बिशेष सूचनाको आधारमा विहिवार जिल्ला प्रहरीकार्यालय बाराबाट प्रहरी नायब निरिक्षक श्याम प्रकाश यादवको कमाण्डमा खटिएको प्रहरीको टोलिले सिम्रौनगढ नगरपालिकाको वडा न.०५ कनकपुर गाउँ नजिक रोकीराखेको नम्बर प्रस्ट नबुझिने क्ए क्ज्क्ष्ल्भ मोटर साइकल चालक मुखियालाई चेकजाँच गर्दा उसको साथ बाट ९ वटा गयीमा रु.एक हजारको आठ सय पन्चानबे थान जम्मा रु.आठ लाख पन्चान्बे हजार नेपाली नक्कली नोट,एक थान मोबाईल, बरामद भएको थियो । बरामद भएको नकली नोट मो.सा.र मोबाईल सहित मुखियालाई नियन्त्रणमा लिई आवश्यक अनुशन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक राजेश थापाले जानकारी गराउनु भएको छ ।

## लागु औषध सहित सिम्रौनगढमा एक यूवक पक्राउ

सिम्रौनगढ, २२ असोज ।

बाराको सिम्रौनगढमा ला. औ. ईनजेक्सान र मोटर साइकल सहित एक जना भारतिय यूवालाई विहवार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार राज्य जिल्ला पुर्वी चम्पारण पोष्ट बिजबनि ग्राम अगरवा वडा नं.२ बस्ने अ.बर्ष २८ को मोहन प्रसाद यादव रहेको प्रहरीले जनाएको छ ।

बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिम्रौनगढ बाट प्रहरी नायब निरिक्षक श्याम प्रकाश यादवको कमाण्डमा खटिएको टोलिले भारत बाट नेपला तर्फ आउदै गरेको द्यच एछ ग द्धण्घठ नं.को मोटर साइकल चालक यादव लाई रोकी चेकजाँच गर्दा एक वटा बोरामा लुकाई चछिपाई राखेको अबैध ला.औ.ईनजेक्सन डाईजोपाम-९ सय थान फेनारगन-९ सय पिस र नोर्फिन-९ सय पिस जाम्मा दुई हजार सात सय पीस लागु औषध र एक थान मोबाईल,मोटर साइकल सहित यादवलाइ पक्राउ गरिएको छ। पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय सिम्रौनगढको हिरासतमा राखी थप अनुशन्धान भई रहेको बारा प्रहरी प्रवक्ता राजेश थापाले जानकारी गराउनु भएको छ ।

## औद्योगिक करिडोरमा ४० प्रतिशत रोजगारी स्थानीय युवालाई : श्रेष्ठ



बारा, २२ असोज ।

पूर्व श्रममन्त्री तथा बारा क्षेत्र नं ४ का प्रतिनिधि सभा सदस्य उम्मेदवार किसान श्रेष्ठले बारा–पर्सा औद्योगिक करिडोरमा कम्तीमा ४० प्रतिशत रोजगारी स्थानीय युवाले पाउनुपर्ने बताएका छन् । बाराको परवानीपुर,प्रसौनी र जितपुरसीमरा,२३ भलुही लगायत छुट्टाछुट्टै ठाउँमा भएको शुभकामना आदान प्रदान तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै पूर्व मन्त्री श्रेष्ठले करिडोरका उद्योगहरूमा कम्तीमा ४० प्रतिशत रोजगारी स्थानीय क्षेत्रका बेरोजगार युवाहरूले पाउनुपर्ने बताएका हुन् ।


कांग्रेस–लोसपासहितको ५ दलीय गठबन्धनमा बारा क्षेत्र नं ४ मा उम्मेदवार बनेका श्रेष्ठले दलका नेताहरूले मधेसी र मुस्लिम समुदायलाई भोट बैंकको रूपमा मात्रै प्रयोग गरेको टिप्पणी गरेका छन्। ‘मेरो उम्मेदवारी बारा क्षेत्र नं ४ को विकासको लागि हो, यहाँ आजसम्म मधेसी, मुस्लिमलाई भोट बैंकको रूपमा प्रयोग गरियो आजका दिनदेखि सबै च्याप्टर क्लोज भयो, अव समृद्ध बाराको विकास हुन्छ,’

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## माओवादीले टुंग्यायो मधेसका चार जना उम्मेदवार



काठमाण्डौ, २२ असोज ।

नेकपा माओवादी केन्द्रले मधेस प्रदेशबाट प्रतिनिधिसभा सदस्यमा चुनाव लड्ने चार जना उम्मेदवारको टुंगो लगाएको छ । दुई उम्मेदवारको अझै टुंगो लाग्न बाँकी छ । सत्ता गठबन्धनमा भएको भागवण्डामा माओवादीले मधेस प्रदेशका ३२ मध्ये ६ सिट पाएको छ। त्यसमध्ये धनुषा १ मा मात्रिका यादव, सिराहा ३ मा विश्वनाथ साह, महोत्तरी १ मा गिरिराजमणि

(बाँकी तेश्रो पेजमा)

## लागुऔषध चरेससहित बाराबाट तीनजना पक्राउ

बारा २२ असोज ।

बाराबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागुऔषध चरेससहित तीनजनालाई पक्राउ गरेको छ । भारतसँग सीमा जोडिएको बाराको बेनौली गाउँबाट सशस्त्र प्रहरीले लागुऔषध चरेस २० किलोसहित तीनजनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरुमा पर्साको वीरगञ्ज महानगरपालिका १९ नगवा घर भएका ३० वर्षीय मुकेश श्रीवास्तव, वीरगञ्ज २ छपकैया घर भएका १६ वर्षीय मुस्तफा देवान र बाराको महागढीमाई नगरपालिका १ घर भएका ३७ वर्षीय मुस्तान देवान रहेका छन् ।



बाराको पचरौता नगरपालिका वडा नम्बर ७ बेनोली स्थित सशस्त्र प्रहरी बोर्डर आउट पोष्टबाट शुक्रबार बिहान खटिएको सशस्त्र प्रहरीको टोलीले भारतबाट चरेस बोकेर आउदै गरेका उनीहरुलाई पक्राउ गरेको हो। चरेससहित पक्राउ परेका तीनैजनालाई कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय बारामा बुझाइने सशस्त्र प्रहरी सीमा सुरक्षा बल बाराले जनाएको छ ।

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टिङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५२१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |


# नेपाली चेली भारतदेखि मेक्सिकोसम्म यसरी बेचिन्छन्, मुख्य रुट दिल्ली र दुबई



**राजेश भण्डारी**

काठमाण्डौ, २२ असोज । नुवाकोट, दुप्चेश्वर घर भएकी ३४ वर्षीय महिला आफ्नै पतिबाट १ लाख ६० हजारमा बेचिइन् । भारतको नयाँ दिल्ली र आगराको वेश्यालयमा ६ वर्ष बिताएपछि उनी २०७८ असारमा नेपाल फर्किइन् । उनलाई आफ्नै पतिले दलालसँग मिलेर दिल्लीको वेश्यालयमा पठाएका हुन् । नेपाल फर्केर उनले पतिविरुद्ध कानुनी लडाइँ लडिरहेकी छिन् ।

उनको १९ वर्षअघि प्रेम विवाह भएको थियो । ५ बच्चा जन्मिए । कान्छो छोरा ४ वर्षको भएपछि पारिवारिक सम्बन्धमा खटपट आयो । पतिले वास्ता गर्न छाडे । २०७१ मंसिरमा पासाङ तामाङले फोन गरेर पीडितलाई दुप्चेश्वर मन्दिरमा भेट्न प्रस्ताव गरे । त्यतिन्जेल पीडित महिला र पासाङको बीचमा चिनजान थिएन । पासाङले उनलाई फकाएर 'विवाह प्रस्ताव' राखे । पासाङले 'तिम्रो दाइसँग कुरा भएको' भनेर उनलाई विश्वासमा लिए । सुखमय जिन्दगी दिने सपना देखाएर काठमाडौं ल्याएपछि पासाङले उनका पतिलाई १ लाख ६० हजार 'जार खर्च' पठाए । तिनै 'जार'ले उनलाई दिल्ली लगेका हुन् ।

जागिरको सपना देखाएर नयाँ दिल्लीमा म्हेन्दो तामाङ नाम गरेकी महिलासँग उनले भेट गराए । म्हेन्दोले उनलाई दुई जना पुरुषको साथ लगाएर आगरा पठाइन् । आगरामा रहेको वेश्यालयमा पुगेपछि उनी 'जागिरको सपना' बाट ब्यूँझिइन् । दिल्ली र आगरामा दैनिक १५ देखि २५ जनासँग यौन सम्पर्क गर्न बाध्य पारिएको पीडितले प्रहरीलाई बताएकी छिन् । भारतीय प्रहरीले वेश्यालयमा छापा मारेर उनलाई उद्धार गरेको थियो । नेपाली दुतावास र शक्ति समूहसँगको सहकार्यमा उनी १४ जुन २०२१ मा काठमाडौं आइन् । उनलाई वेश्यालयमा बेच्ने नुवाकोटको दुप्चेश्वर गाउँपालिका–१ घर भएका पासाङ तामाङ र पीडितकै पतिविरुद्ध अहिले मुद्दा चलिरहेको छ ।

पासाङको समूहजस्तै काठमाडौंबाट दिल्ली र दुबईलाई ट्रान्जिट बनाएर नेपाली महिला बेच्ने धेरै समूह सक्रिय छन् । मानव बेचबिखन अनुसन्धान ब्यूरोको तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/०७६ यता १ हजार ४५२ जना मानव बेचबिखनमा संलग्न भएको फेला परेको छ । मानव बेचबिखनमा संलग्नमध्ये ५७९ जना अझै फरार छन् । २०७५ साउनपछि ८८१ जनालाई पक्राउ गरिएको मानव बेचबिखन ब्यूरोका प्रवक्ता (एसपी) दानबहादुर मल्लले रातोपाटीलाई बताए । उनले भने, 'मानव बेचबिखनबारे ६७३ वटा मुद्दा दर्ता गरेर अनुसन्धान गरिरहेका छौं ।'

२०७५/०७६ यताका चार आर्थिक वर्षमा ९८९ जना मानव बेचबिखनको सिकार भएका छन् । आर्थिक वर्ष २०७५–०७६ यता ब्यूरोले एक बालिकासहित ३०३ जनाको उद्धार गरेको छ । सो अवधिमा देशभरबाट १३३ बालिका उद्धार गरिएको छ । मानव बेचबिखन ब्यूरो र गैरसरकारी संस्थाको प्रयासमा कुल ५५३ जनाको उद्धार गरिएकोमा ३७३ जना महिला छन् । १७६ जना पुरुषलाई उद्धार गरिएको छ ।

**दिल्लीदेखि मेक्सिकोसम्म**

दाङ घर भएका मुक्ति नारायण केसी र उनकै पत्नी सुधा देवकोटाले 'अमेरिका सपना' देखाएर एक महिलालाई २०७५ माघ ११ मा त्रिभुवन विमानस्थलबाट ईथियोपियासम्म पुऱ्याए । १९ लाख नगद लिएर उनीहरुले ती महिलालाई मेक्सिको हुँदै अमेरिका लैजाने सपना देखाएका थिए । तर, जकार्ताको एयरपोर्टबाट फर्काएपछि ती दम्पतीले उनलाई फेरि ईथियोपिया पठाए । ईथियोपियाको बोले सहरमा आफूलाई ३ महिना बन्धक बनाएको पीडितले दाबी गरेकी छिन् । नेपाल फर्केर अहिले ती महिलाले आरोपिहरुविरुद्ध मुद्दा लडिरहेकी छिन् ।

मुक्ति नारायण दम्पतीले अर्की एक जना महिलालाई पनि जकार्ता पुऱ्याएर अलपत्र बनाएको आरोप छ । २०७८ मंसिर २८ मा ब्यूरोबाट खटिएको प्रहरीले २४ वर्षीय सुधालाई पक्राउ गरेको थियो । अहिले उनी पुर्पक्षका लागि केन्द्रीय कारागारमा छिन् । उनका पति मुक्तिनारायण फरार छन् । मानव तस्करहरुले पछिल्लो समय भारतको नयाँ दिल्ली हुँदै दुबई र कुवेतमा धेरै महिलालाई लैजाने गरेको बताउँछन् मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रवक्ता (एसपी) दान बहादुर मल्ल । उनी भन्छन्, 'भारतको नयाँ दिल्लीदेखि मेक्सिकोसम्म नेपाली चेलीबेटीहरु बेचिने गरेका छन् ।'

(बाँकी तेश्रो पेजमा)

# प्रचण्ड किन गए गोरखा-२




काठमाडौं । मंसीर ४ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गोरखा(२ बाट प्रतिस्पर्धा गर्ने भएका छन् । २०७४ को निर्वाचनमा चितवन–३ बाट निर्वाचित उनी यसपटक गोरखा(२ बाट चुनाव लड्ने भएका हुन् । गठबन्धनका दलहरू बिच प्रतिनिधिसभा र प्रदेशसभाको सिट बाँडफाँट गरेसँगै प्रचण्ड गोरखाबाट प्रतिस्पर्धा गर्ने भएका हुन् ।

यसअघि प्रचण्डले मंसीर ४ को निर्वाचनमा पनि चितवनबाटै चुनाव लड्ने बताएका थिए । पार्टीका शीर्ष नेताहरूले गोरखाबाट चुनाव लड्दा त्याग बलिदानीको सम्मान हुने सुझाव दिएपछि र स्थानीय नेताहरूले गोरखा आउन निरन्तर दवाव दिएपछि अन्तिम समयमा प्रचण्डले चितवन छोडेर गोरखा रोजेका छन् । २०६४ को निर्वाचनदेखि ३ पटकका निर्वाचनमा ४ ठाउँबाट प्रतिस्पर्धा गरेका प्रचण्डले कुनै पनि क्षेत्र दोहोर्‍याएका छैनन् । २०६४ चैत्रको पहिलो संविधानसभा निर्वाचनमा उनी रोल्पा र काठमाडौं(१० बाट विजयी भएका थिए । तर, २०७० को निर्वाचनमा प्रचण्डले पूरानो निर्वाचन क्षेत्र छोडेर सिरहा(५ रोजेका थिए ।

२०७४ को निर्वाचनमा सिरहाबाटै चुनाव लड्न एकल सिफारिस गरिएको भए पनि प्रचण्डले चितवन(३ रोजेका थिए । चितवन(३ बाट भारी मतले विजयी भएका उनले जिल्लाको विकास निर्माणलाई उच्च प्राथमिकता दिँदै आएका छन् । २०७९ को स्थानीय तह निर्वाचनमा भरतपुर महानगरपालिका माओवादी केन्द्रले जितेको छ, जहाँ महानगरको अधिकांश भूभाग प्रचण्डको निर्वाचन क्षेत्रभित्र पर्दछ । तर, जीत सुनिश्चित हुँदाहुँदै पनि उनले अन्तिममा चितवन छोडेर गोरखा रोजेका छन् ।

नेपालका शीर्ष नेतामध्ये प्रचण्ड भावुक स्वाभावका नेता मानिन्छन् । १० वर्षको सशस्त्र द्वन्द्वको नेतृत्व गरेका उनले जनताका हजारौं छोराछोरीको बलिदानीकै कारण देशमा संघीय गणतन्त्र आएको भन्दै बलिदानीको उच्च सम्मान हुनुपर्नेमा जोड दिँदै आएका छन् । गोरखा पनि त्यस्तो जिल्ला हो, जहाँ प्रचण्डले स्वयंले शिक्षकको भूमिकामा रहेर क्रान्तिकारी संगठन निर्माण गरेका थिए । जनयुद्धको पहिलो योजनासमेत गोरखा बैठकले निर्माण गरेका कारण यस जिल्लामा प्रचण्डको विशेष अनुराग रहेको मानिन्छ । जनयुद्धको क्रममा सबैभन्दा पहिला मारिने दिलबहादुर रम्तेलदेखि पार्टीको शीर्ष नेताबाट मारिने सुरेश वाग्लेसम्मका नेता गोरखाकै हुनुले पनि माओवादीका निम्ति गोरखा विशेष महत्वको जिल्ला मानिन्छ ।

२०७४ को चुनावमा गोरखा(२ बाट पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई निर्वाचित भएका थिए । भट्टराईले यसपटकको निर्वाचनमा गोरखाबाट प्रचण्ड नै चुनाव लड्नुपर्ने प्रस्ताव राखेका थिए । माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठसमेत गोरखा(२ बाट चुनाव लड्नसक्ने आंकलन गरिएको थियो । तर, डा. भट्टराईले चुनाव नलड्ने घोषणा गरेका र श्रेष्ठ राष्ट्रिय सभा सदस्य रहेका कारण नेताहरूकै जोडबलमा प्रचण्ड गोरखाबाट लड्न लागेका हुन् ।

प्रचण्ड राष्ट्रिय नेता भएकाले सधैं एउटै क्षेत्रबाट चुनाव लड्न नहुने अभिमत माओवादीभित्र बलियो देखिन्छ । पछिल्लो ५ वर्षमा चितवनको विकासमा महत्वपूर्ण भूमिका खेलेका प्रचण्डले प्रत्येकपटकको निर्वाचनमा अलग अलग ठाउँबाट चुनाव लडेर सबै क्षेत्रहरूलाई समान दृष्टिले हेर्ने सन्देश दिनुपर्ने मान्यताअनुसार उनी गोरखा(२ बाट लड्न लागेका हुन् । २०७९ को स्थानीय तह निर्वाचनमा माओवादीले गोरखाका ११ मध्ये ९ स्थानीय तह जितेको थियो । गोरखामा एक्लै लड्दा पनि माओवादीको जनाधार बलियो देखिएको र गठबन्धनबाट चुनाव लड्दा देशभरिको चुनावी अभियानलाई कमाण्ड गर्न प्रचण्डका लागि सहज हुने नेताहरू बताउँछन् । स्थायी समितिका अधिकांश नेताहरूले गोरखा–२ बाट चुनाव लडेर देशभरिको चुनावी कमाण्ड गर्नु राम्रो हुने सुझाव दिएपछि अन्ततः उनले गोरखा–२ रोजेका हुन् ।

# भीमोदय माविको शिक्षक, जनयुद्धको कमाण्डर र प्रतिनिधिसभा सदस्यको उम्मेदवार

प्रचण्ड गोरखामा : आगामी मंसिर ४ गते देशैभर एकै चरणमा संघिय र प्रादेशिक निर्वाचन हुन गइरहेको छ । निर्वाचनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड गोरखाबाट निर्वाचन लड्दै छन् । प्रचण्ड माओवादी केन्द्रका मात्रै होइन प्रचण्ड नेपाल राष्ट्रका नेता हुन् । नेपालको इतिहासमा सबैभन्दा लामो शशस्त्र जनयुद्धमार्फत २४० वर्षे सामन्ती एकात्मक राजतन्त्रको अन्त्य गरि नेपालमा गणतन्त्र स्थापना गर्न सफल प्रचण्ड संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका पिता हुन् । त्यतिमात्र होइन २०६३ सालमा प्रचण्डकै शुरू भएको शान्ति प्रक्रियाको एकमात्र जिवित हस्ताक्षरकर्ता पनि प्रचण्ड हुन् । प्रचण्डकै नेतृत्वमा शान्ति प्रक्रिया विश्वकै नमुना बन्दै अगाडि बढिरहेको छ र निश्कर्षमा पुग्दैछ । त्यसैले प्रचण्ड क्रान्ति र शान्तिका नेतृत्वकर्ता र प्रतिक हुन् । प्रचण्ड नेपाली जनताका अभिभावक हुन् । उनले नेपाली जनताको चाहना अनुरूप सशस्त्र जनयुद्धमा पनि पटक पटक एकतर्फी युद्धविराम गरि शान्तिमा रूपान्तरण गरेका हुन् । प्रचण्डकै नेतृत्वमा जनयुद्धले समावेशी, सामाजिक न्यायसहितको समतामुलक समाजको चित्र कोरेको थियो । प्रचण्डले हिमाल पहाड र तराईका आदिवासी जनजाति र लिंगिय, जातिय, क्षेत्रीय उत्पीडनमा पारिएका सबै नेपाली जनताको पक्षमा लगातार आवाज उठाए, उनीहरूको अधिकार सुनिश्चित हुनेगरी संविधानसभाबाट संविधान निर्माण गरे र नयाँ नेपालको निर्माण गरे । आफ्नो नीजि पारिवारिक जिवनलाई तिलाञ्जली दिँदै राष्ट्र र जनताको पक्षमा जे गर्दा हित हुन्छ त्यही गर्न प्रचण्ड तयार भए । राजनीतिक रूपमा, कुटनैतिक रूपमा प्रचण्डले हरेक पटक साहसिक र दुरगामी महत्वका निर्णय गर्दै आएका छन् । त्यसैले प्रचण्ड गतिशिल र डाइनामिक नेता हुन् । प्रचण्ड नेपाल र नेपालीको साझा प्रतिनिधि हुन् ।

**प्रचण्डको निर्वाचन क्षेत्र :**

अध्यक्ष प्रचण्डले पहिलो संविधानसभाको निर्वाचन २०६४ मा जनक्रान्तिको केन्द्र रोल्पा र देशको राजधानी काठमाडौंबाट प्रतिनिधित्व गरे । त्यसले जनयुद्ध र जनआन्दोलनको फ्युजन गर्ने मात्रै होइन जनयुद्ध र जनआन्दोलनका उपलब्धिलाई संस्थागत गर्न भूमिका खेल्यो । अध्यक्ष प्रचण्डले दोश्रो संविधानसभा निर्वाचन २०७० मा जनविद्रोह र मधेशविद्रोहको केन्द्र मधेसको सिराहाबाट प्रतिनिधित्व गरे । जसले मधेसीलाई दोश्रो दर्जाको नागरिक बनाउने र मधेसलाई राष्ट्र नमान्ने प्रवृत्ति परास्त गर्न र मधेस र मधेसी जनसमुदायलाई सम्मानित नागरिक र नेपालको महत्त्वपूर्ण भुभागको रूपमा परिचित गराउन भुमिका खेल्यो । अध्यक्ष प्रचण्डले संविधान कार्यान्वयनको लागि भएको पहिलो आम निर्वाचनमा आफ्नो गृह जिल्ला चितवनबाट प्रतिनिधित्व गरे । जसले चितवनलाई भौगोलिक रूपमा मात्रै नभई विकास र समृद्धिको हिसावले पनि अब्बल सावित गर्न भुमिका खेल्यो । चितवनलाई साच्चिकै उन्नत, भ्रष्टाचार मुक्त र विकसित शहर बनाउने प्रचण्डले शुरू गरेको योजनाले सार्थकता पाउँदैछ । अध्यक्ष प्रचण्ड संसदवादी नेतृत्वले झैं एउटै निर्वाचन क्षेत्र समातेर कहिल्यै बसेनन् । बरु उनले देशका विभिन्न निर्वाचन क्षेत्रमा गएर त्यहाँका जनताको भावना, मनोविज्ञान, आन्दोलन, विकास र समृद्धिसँग सहकार्य गरे । अहिले अध्यक्ष प्रचण्ड नेपाल राज्य निर्माणको अभियान शुरुवातको ऐतिहासिक भूमि, नेपाली जनक्रान्तिको आधारभुमी, माओवादी आन्दोलनको बलियो किल्लाको रुपमा रहेको गोरखामा निर्वाचन लड्दै छन् । प्रचण्ड जहाँ पुग्छन् त्यहाँ शान्ति, विकास र समृद्धिका ढोका खुलिरहेका छन् । गोरखाली जनता, तिनका प्रतिनिधिहरु र गठबन्धनका सहयात्री दलहरुले आफ्नो प्रतिनिधिको रुपमा सहभागीता जनाउन गरेको आग्रहलाई स्विकार्दै प्रचण्ड आगामी चुनावमा गोरखाको प्रतिनिधिसभाका दुई क्षेत्र मध्ये क्षेत्र नं २ बाट उठ्दैछन् । उनलाई प्रतिनिधिसभामा
विजयी बनाउन गोरखाली मतदाता आतुर देखिएका छन् ।

कास्कीको ढिकुरपोखरीमा विसं २०११ मा जन्मिएका प्रचण्डले १७ बर्षको उमेरमा २०२८ मा कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए । तर त्यतिवेला प्रचण्डको बाहिरी परिचय कृषि बिषय पढाउने शिक्षक थियो । शिक्षक पेशासँगै राजनीतिलाई गोरखाबाटै अगाडि बढाएका प्रचण्ड भूमिगत हुनु अघि भीमोदय माविमा पढाउँथे । सो स्कूलमा बिज्ञान, गणित र अंग्रेजी बिषय पनि पढाएको अनुभव छ । कम्पोष्ट मलको खाडल र चर्पी बनाउन सिकाउने भन्दै गाउँ प्रवेश गरी प्रचण्डले गाउँका किसानहरुका वीचमा राजनीतिक चेतना जगाएका थिए । गोरखामा पढाउँदा पढाउँदै प्रचण्ड शिक्षकबाट राजीनामा दिएर पूर्णकालीन राजनीतिमा सक्रिय भएका थिए । राष्ट्रको अभिभावक अध्यक्ष कमरेड प्रचण्डलाई ऐतिहासिक जिल्ला गोरखा र गोरखाली जनताको तर्फबाट प्रतिनिधिसभा निर्वाचन २०७९ मा विजय गराउँ । प्रचण्डको नेतृत्वमा गोरखामा शान्ति, विकास र समृद्धिको ढोका खोलौं । भौगोलिक एकीकरण, देशकै पहिला सहिद लखन थापा, जनयुद्धको पहिलो शहादत दिल बहादुर रम्तेल, महिलाद्वारा गरिएको पहिलो जेलब्रेक लगायतका विभिन्न विरासतहरुको जिल्ला गोरखालाई फेरि एकपटक राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा परिचित र स्थापित गर्ने भूमिकाबाट नचुकौं ।

# 'प्रतिगमन सच्याउँदै' ओलीका शरणमा उपेन्द्र

काठमाण्डौ, २२ असोज ।

१३ चैत २०७७ मा प्रेस मञ्च नेपालले बुटवलमा गरेको पत्रकार सम्मेलनमा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले भनेका थिए, 'ओली (नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली) प्रतिगमनकारी, संघीयता, गणतन्त्र र समावेशिता विरोधी भएकाले उनीसँग जसपा सहकार्य गर्न तयार छैन ।' त्यतिबेलै पनि जसपासँग सहकार्यका लागि एमालेले साथ मागेको थियो । तत्कालीन प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वमा रहेको सरकारलाई साथ दिन



आग्रह गरेका थिए । जवाफमा अध्यक्ष यादवले एमालेलाई सरकारबाट हटाउँदै संघीयता र गणतन्त्र पक्षधरको सरकार

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# प्रतिनिधि सभाका लागि ४८ दलका २ हजार ४३६ उम्मेदवार
# समानुपातिक बन्दसूचीमा सबैभन्दा धेरै मधेस प्रदेशबाट



काठमाण्डौ, २२ असोज ।

निर्वाचन आयोगले समानुपातिक तर्फका उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने अन्तिम तयारी गरेको छ । आयोगका सचिव गोकर्णमणि दुवाडीको नेतृत्वमा आज बेलुका १२ बजेसम्म सो बन्दसूची प्रकाशन गर्ने काम भइरहेको आयोगले जनाएको छ । आयोगले शनिवार काठमाडौँमा गरेको पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले दिएको जानकारी अनुसार समानुपातिक तर्फ प्रतिनिधि सभा तर्फ ४८ दलका २ हजार ४ सय ३६ जनाको उम्मेदवारी परेको छ। प्रदेश नम्बर १ मा ३६ वटा दलका ६ सय ६१ जनाको उम्मेदवारी परेको छ भने मधेस प्रदेशमा ३६ दलका ९ सय ४८ उम्मेदवारी परेको छ । बागमती प्रदेशमा ४१ दलका ८ सय २५ जनाको उम्मेदवारी परेको छ भने गण्डकी प्रदेशमा ३१ दलका ३ सय ६८ जनाको उम्मेदवारी परेको छ ।

यस्तै लुम्बिनी प्रदेशमा ३२ वटा दलबाट ६ सय ५७ जनाको उम्मेदवारी परेको छ भने कर्णाली प्रदेशमा २८ वटा दलबाट २ सय २२ जनाको उम्मेदवारी परेको छ र सुदूर पश्चिम प्रदेशमा ३४ दलबाट ३ सय ७६ जनाको उम्मेदवारी परेको छ । प्रतिनिधि सभा र प्रदेश सभा गरी ६ हजार ४ सय ९३ जना उम्मेदवारको अन्तिम रूप दिने कार्य भइरहेको थपलियाले जानकारी दिए । यो सूचीमा रहेका कुनै पनि व्यक्ति प्रत्यक्ष तर्फको उम्मेदवार हुन नसक्ने उनले बताए । (साभार-रातोपाटी)

# गोरखामा एकै परिवारका तीन जना रुखमा झुण्डिएको अवस्थामा फेला



काठमाण्डौ, २२ असोज । रासस

गोरखामा रुखमा झुण्डिएको अवस्थामा एकै परिवारका तीन जनाको शव फेला परेको छ । भीमसेन थापा गाउँपालिका वडा नम्बर ६ स्थित मेरियाटोलका ३४ वर्षका हेमबहादुर राना र उनका जुम्ल्याहा छोराको शव झुण्डिएको अवस्थामा आज बिहान फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक केदार खनालले जानकारी दिए। 'सात वर्षका दुई बालकको काप्राको रुखमा झुण्डिएको अवस्था फेला परेको छ', उनले भने, 'बुबा हेमबहादुरको शव अर्कै रुखमा भेटिएको छ ।' घटनाको प्रकृति हेर्दा रानाले दुई छोरालाई रुखमा झुण्ड्याएर हत्या गरी आफूले आत्माहत्या गरेको हुनसक्ने अनुमान गरिएको उनको भनाइ छ । घरबाट झण्डै डेढ किलोमिटर पश्चिमदक्षिणमा छोराहरूको शव एउटै डोरीमा झुण्डिएको अवस्थामा फेला परेको उनले बताए। हेमबहादुरको शव भने बालकहरू झुण्डिएको रुखभन्दा केही पर अर्को रुखमा फेला परेको प्रहरीले छ । घटनास्थलमा अहिले प्रहरीको टोली पुगेर अनुसन्धान सुरु गरेको उनले बताए । 'घटना कसरी घट्यो भनेर खुल्न बाँकी नै छ', उनले भने, 'शवको मुचुल्का उठाउनका लागि प्रहरीको टोली घटनास्थलमा पुगिसकेको छ, तिनै जनाको शव पोष्टमार्टमका लागि शव गोरखा अस्पतालमा ल्याउने तयारी भइरहेको छ।' बिहान स्थानीयले रुखमा मान्छे झुण्डिएको देखेपछि घटनाका बारेमा जानकारी पाएको वडाध्यक्ष रन्जन रिमालले जानकारी दिए । मृतक राना डेढ महिनाअघि मात्र श्रीमतीसँग सम्बन्ध बिच्छेद गरेर बसेका थिए । (रासस)

# आगामी शनिबार वा आइतबारदेखि मात्र मनसुन बाहिरिने

काठमाण्डौ, २२ असोज । रासस

नेपालमा यस वर्षाको अक्टोबर २ तारिखसम्म मनसुन रहने पूर्वानुमान गरिएको थियो । तथापी, पूर्वनिर्धारित मितिभन्दा करिब दुई साता मनसुन लम्बिएको छ । अबको एक सातापछि नेपालबाट मनसुन बाहिरिने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलले जानकारी दिए । जुन ५ तारिखदेखि नेपालको पूर्वी भेग भएर मनसुन शुरु भएको थियो ।

हाल नेपालमा मध्य-पश्चिम बङ्गालको खाडी र आसपासमा न्यून चापीय क्षेत्रको असर रहेकाले मनसुन केहीदिन लम्बिएको मौसमविद् पौडेलले बताए। उनले भने, 'मनसुन आगामी शनिबार र आइतबारदेखि बाहिरिने देखिन्छ। यो वर्ष मनसुन बाहिरिने क्रममा बङ्गालको खाडीबाट आएको न्यून चापीय क्षेत्रको असरले लम्बिएको हो ।'

अहिले राजधानी काठमाडौँ, पश्चिमको पोखरा (कास्की) लगायत देशका पूर्वी भेगको मौसम सामान्यतया सफा रहेको छ। पश्चिमका कर्णाली र सुदूरपश्चिमका अधिकांश स्थानमा वर्षा भइरहेको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा अहिले वर्षा भइरहेको र मनसुन पनि सोही क्षेत्रमा केन्द्रीत रहेको मौसमविद् पौडेलले बताए । उनका अनुसार आगामी मङ्गलबारदेखि मौसम सुधार आउनेछ । मनसुन रहँदासम्म पानी पर्ने सम्भावना रहेपनि लगातारको झरी पर्दैन ।

महाशाखाको पछिल्लो तीन घण्टाको विवरणमा डडेलधुरामा १३ मिलिमिटर, बैतडीमा १८ मिलिमिटर, बर्दियामा १४ मिलिमिटर वर्षा मापन गरिएको छ। मनसुन न्यून चापीय क्षेत्रको असरले नेपालमा विगत पाँच दिनदेखि बदली र वर्षा भइरहेको छ। (रासस)

# निर्वाचनको दिन व्यवस्थित रुपमा यातायात खुलाइने




काठमाण्डौ, २२ असोज ।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन हुने दिन ४ मंसिरमा व्यवस्थित रुपमा यातायात सञ्चालन हुन दिने बताएको छ। शनिबार आयोगले गरेको पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले विगतमा जस्तो आयोगबाट अनुमतिप्राप्त सवारीसाधन मात्रै सञ्चालन हुन पाउने व्यवस्था परिवर्तन हुने बताए । 'निर्वाचनको दिन सार्वजनिक यातायात बन्द हुँदा अप्ठेरो, बाटोबाट मतदाता ओसार्नुपर्दा निर्वाचन आचारसंहिताको बर्खिलाप हुने भयो' प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, 'त्यो दिन जेष्ठ नागरिक, अशक्त र वृद्धवृद्धालाई अप्ठेरो पर्ने भयो। सवारी आवागमनको अनुमति माग्नेहरुको भिड हुने भएकाले व्यवस्थापन गर्न कठिनाई हुने भएकाले यो निर्वाचनमा हामीले व्यवस्थित रुपमा यातायात सञ्चालन गर्ने निर्णय गरेका छौं ।' त्यसका लागि निर्वाचन आयोग, यातायात व्यवस्था विभाग, गृह मन्त्रालय, नेपाल प्रहरी लगायत निकायका प्रतिनिधि सम्मिलित कार्यदल गठन हुने र त्यसले दिएको सुझावका आधार आयोगले यातायात सञ्चालन गर्ने अनुमति दिने उनले बताए । 'अरु दिनजस्तो छरपष्ट होइन' प्रमुख आयुक्त थपलियाले भने, 'व्यवस्थित ढंगले यातायातका साधन सञ्चालन गर्ने अनुमति दिन्छौं । र अब विगतमा झैं निर्वाचनको दिन नेपाल बन्दको दिनजस्तो हुनेछैन ।' (साभार-अनलाइनखबर)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा